

कुनै बेला खेतबारीमा खेत जोत्ने गोरु र हली समेत नपाउने गरी समाजले नपत्याएकी गंगुले आफैं गोरु जोतेर अन्न फलाइन् । त्यति मात्र होइन अहिले त्यही समाजको अगुवा छिन् ।

# सुदूरमा गोरु जोत्ने गंगु



● इन्द्रसरा खड्का

'म मेरो आफ्नै संघर्ष, आँट र मेहनतले यहाँसम्म पुगेँ ।' गंगु आफ्नो परिचय यही प्रसंगबाट शुरु गर्नुहुन्छ । बझाङको थलारा गाउँपालिकाकी उपाध्यक्ष गंगुदेवी खडायतले जीवनमा गरेको संघर्ष भनिसाध्य छैन । सदरमुकाम चैनपुरबाट एक दिन पदैल यात्रामा पुगिने त्यो ठाउँमा बल्ल गाडी पुग्न थालेको छ । गाडीबाट चैनपुर झरेर थप दुई घण्टा हिंडेपछि उनको गाउँपालिका थलारा पुगिन्छ । शिक्षाका हिसाबले पढ्नुपर्छ भन्ने भावना बिस्तारै सबैमा पुग्दैछ । तर अहिले पनि छोरा बोर्डिङ र छोरीलाई सरकारी विद्यालयमा पढाउने चलन हटेको छैन । यो हो उहाँको ठाउँको परिचय ।

पेट अघाउने गरी खान र शरीर पुरै ढाक्ने लुगा त बाल्यकालमा कहिल्यै पाउनु भएन । बिहेपछिको जिन्दगीले झन् तनाव थपियो । यद्यपि हार खानुको सट्टा आँसु पिउँदै र आँशु दबाउँदै संघर्ष गर्ने आँट बढाउनुभयो । त्यही संघर्षले चुनाव जितेर गाउँपालिकाको उपाध्यक्ष बन्नुभयो । उहाँ भन्नुहुन्छ, "सुदूरपश्चिमको पहाडी जिल्ला बझाङ, जुन समाजमा अहिले पनि छोरीले बाहिर हिँडडुल गरेको पच्दैन । हो त्यही ठाउँमा २०४७ सालदेखि पाइलै पिच्छे संघर्ष गर्दै आएको छु ।"

२०२० सालमा भारतको कर्नाटकमा जन्मिनु भएकी गंगु ८ बहिनी ४ भाइ मध्ये साईली छोरी, त्यो बेला लेखपढको अवसर पाउने कुरै भएन । जीवनको उतार चढाव हण्डरसँग जुध्दै यहाँसम्म आइपुग्दा उहाँलाई लाग्छ, "जीवन संघर्ष हो । तर त्यही संघर्षले उचाइमा पुऱ्याउँछ । आफू अहिले जीवनको त्यही सफलताको उचाइमा पुग्दैछु ।"

धेरै जसो नगरपालिका, गाउँपालिकाका उपप्रमुख वा उपाध्यक्ष आफ्नै कार्यालयका प्रमुख, कर्मचारी वा पुरुषबाटै विभेद खेपिरहेको गुनासो गरिरहेको बेला गंगुलाई भने त्यो अनुभव छैन । बरु प्रमुखदेखि कार्यालय सहयोगीसम्मलाई गर्ने व्यवहारका कारण काम गर्न पनि सजिलो र आफैंले पनि सम्मान पाएको अनुभव छ । उहाँ गर्वका साथ भन्नुहुन्छ, "अध्यक्षज्यूले मेरो सहमति विना कुनै कार्यक्रम, छलफल गर्नुहुन्न, हरेक निर्णय प्रक्रियामा सँगै हुन्छौं ।' 'महिलालाई विभेद, हिंसा गर्ने भनेको महिला आफैं कमजोर भएर हो भन्ने उहाँको बुझाइ

छ । त्यसैले सक्षम हुनुपर्छ र त्यो देखाउनुपर्छ, कमजोरीपन भए पनि बाहिर देखाउनै नहुने उहाँको सल्लाह छ ।

## संघर्ष

भारतको कर्नाटककै स्थायी बासिन्दा भए पनि उहाँका आमाबुवा पनि पहिला बझाङको थलारा गाउँपालिका ४ गडिगाउँकै थिए । कामको सिलसिलामा भारत पसेका बेला गंगुको उतै जन्म भएको हो । साहुको छोराछोरी हेर्ने, अरुको घर सरसफाइ गर्ने काम सानैदेखि गर्नुपर्‍यो । काम गरे बापत पैसा पाउनु हुन्थ्यो । तर त्यो पैसाले पेटभरी खान र राम्रो कपडा पनि लगाउनु पाईंदैनथ्यो । लेखपढ गर्न पाउनु त उनको लागि धेरै परको कुरा ।'

बझाङकै दिलबहादुर खडायत भारतमै काम गर्थे । गंगुको १८ वर्षमा आमाबुवाले दिलबहादुरसँगै बिहे गरिदिएको उहाँ सम्झिनुहुन्छ । बिहेपछि उहाँ बझाङ आउनुभयो । बिहेपछि पाइलै पिच्छे गाह्रो भयो । नपढे पनि खेतमा काम गर्न, घाँसदाउरा गर्नु उहाँका लागि नयाँ थियो । तर बिस्तारै सबै काम सिक्दै जानुभयो । खेतबारीमा खनजोत गर्ने, रोप्ने, गोडने काम भने उहाँलाई पछिसम्म पनि आउँदैनथ्यो । बिहे भएको वर्ष दिनमै छोरा जन्मिए, त्यसको अर्को वर्ष छोरी । दुई छोराछोरी जन्मिसकेपछि गंगुका श्रीमान पैसा कमाउन २०५१ सालमा भारत गए । तर उनी घर सम्झेर  आएनन् । त्यसपछिका दुःखको त झन् के कुरा ।

श्रीमान किन फर्केनन, किन फर्केनन् र कहाँ छन् भन्ने गंगुलाई पनि वर्षौंसम्म थाहा भएन । कोही भारतमै काम गर्दै भएको सुनाउँथे । कोही अर्को बिहे गरेर लुकेको छ भन्थे । तर श्रीमान्‌ले वास्ता गर्न छोडेपछि उहाँ पनि पछि लाग्नु भएन बरु अप्ठ्याराहरु छिचोल्दै हिँड्नुभयो । श्रीमान् घरमा नहुँदा गंगुलाई गाउँलेले हेर्ने दृष्टिकोण फेरिँदै गयो । अबेर घर आउँदा, घरबाहिर जाँदा, कसैसँग बोल्दा, घरपरिवार, आफन्त र गाउँलेले कुरा काट्न थाले । तर गंगु छोराछोरी हुर्काउँदै आफ्नो काममा लागिरहनु भयो । अहिले उहाँका दुवै छोराछोरीको बिहे भइसक्यो, दुवैका गरी ७ जना नातिनातिना छन् ।

## हलो जोतेको त्यो दिन

श्रीमान् नहुँदा खेतबारी जोत्नु सबैभन्दा ठूलो काम जस्तो भयो । जोत्नका लागि छरछिमेकमा गोरु खोज्न हिँड्दा न गोरु पाउनु हुन्थ्यो । गोरु पाइहाले हली (जोत्ने मान्छे) पाउन त्योभन्दा कठिन । एक वर्ष हैन, दुई वर्ष हैन, सँधै अरुलाई हलो जोत्दिनु भन्न गंगुलाई पनि दिक्क लाग्न थालिसकेको थियो । तर एकदिन निर्णय गर्नुभयो । आफ्नो खेतबारी आफैं जोत्न सक्छु भनेर ।

त्यो दिनको स्मरण उनलाई अझै ताजै जस्तो लाग्छ । २०५९ साल मंसिरमा महिना गहुँ छर्ने चटारो थियो । सबै आआफ्नो बारीमा हलो जोत्दै गहुँ छर्दै थिए । गंगुका बारीमा हलो जोत्ने कोही भएनन् । छोरा सानै थियो । गंगु माइत (काकाकाकी भएको घर) जानुभयो । बाआमा भारत भए पनि काकाकाकी गाउँमै थिए । त्यहाँबाट हलो र गोरु ल्याउनुभयो र बारीमा आफैं जोत्न थाल्नुभयो । सबैको नमिठो वचनले नयाँ काम गर्न भित्रैदेखि आएको साहस अन्तत गोरु जोतेरै देखाएको उहाँ बताउनुहुन्छ । त्यसपछिका थुप्रै वर्ष आफ्नो खेतबारी आफैंले जोतेर उब्जनी लगाउनुभयो । गंगुले हलो जोतेको दिन पुरै गाउँले हेर्न आए । बधाई दिन हैन, किन हलो जोतिस् नराम्रो हुन्छ भनेर धम्की दिन । विरोधमा गाउँ एकातिर उहाँ एक्लै एकातिरको अवस्था भयो । अब गाउँमा अनिष्ट, भोकमरी हुनेभयो भन्दै गाउँले गाली गर्न थाले । कतिले त गाउँ निकाला गर्नुपर्छ पनि भने । तर मलाई कसैले गाउँबाट निकाल्न सकेनन् । 'महिलाले हलो जोतेको खेतमा बाली उम्रिँदैन भन्थे तर लटरम्मै गहुँ फल्यो ।' गाउँलेलाई त्यही उब्जनीले जवाफ दियो । त्यही भएर होला, गाली गर्नेहरु बिस्तारै एकदुई गर्दै आफैं बोल्न थाले । जोत्ने काम जोत्दै गएँ ।

## समाजको नजरमा 'बेश्या'

श्रीमानको खबर केही नआएको वर्षौं हुँदै गयो । गंगुका ४ जना जेठानी देउरानी थिए । उनीहरुले भएको सम्पत्ति अंश लगाएर अलग राखिदिए । एकातिर छोराछोरी सानै उनीहरुलाई हुर्काउनु, अर्कोतिर सहयोग गर्ने कोही छैन । गाउँकै जेठाजु, ससुराहरुलाई सहयोग माग्न थाल्नुभययो । उहाँको दुःख देखेर कतिले त सहयोग पनि गर्थे तर कतिपयले पुरुषसँग बोलेको भन्दै कुरा काटेको पनि उहाँको लागि बिझाउने अर्को घाउ हो ।

संघर्षले उहाँलाई झन् बलियो बनाउँदै लगेको थियो । घर व्यवहार, खेतबारीको काम, छोराछोरी हुर्काउनु पढाउनु बाहेक पनि गाउँघरमा हुने सामाजिक कार्यक्रमहरुमा उहाँ छुट्नु हुँदैनथ्यो । बुहारी मान्छे घर बाहिर जानु हुँदैन, परपुरुषसँग बोल्नै हुँदैन भन्ने मान्यता राख्ने समाजलाई गंगुको कुरा चित्त बुझेन । त्यसैले उहाँलाई कतिले 'वेश्या' भन्दै कुरा काट्न थाले ।

२०५२ सालमा गाउँमा प्रौढ शिक्षा आयो । महिलालाई पढाउनुपर्छ भन्ने कुरा उठ्यो । धेरै महिला पढ्न आएनन्, आउनेहरु पनि छोड्दै गए । गंगु भने औधी खुसी हुँदै सिक्न थाल्नुभयो । पढ्ने उमेरमा अरुका भाँडा माझ्नु परेका हातहरुले अब किताब पनि समाउन थाल्यो । प्रौढ कक्षाबाट क, ख, ग, घ सिक्न थाल्नुभयो । नाम लेख्न जान्न थाल्नुभयो । अक्षर चिन्न लाग्दा त उहाँको खुशीको सीमा नै रहेन । उहाँलाई समाजसेवा गर्न मन लाग्थ्यो । आफैं जस्ता महिलाहरुले लेखपढ गर्नुपर्छ, गाउँघरमा हुने कार्यक्रममा सहभागी बन्नुपर्छ, केही कुरा सिक्नुपर्छ भन्ने लाग्थ्यो । पहिला त उहाँका कुरा कसैले सुन्दैन थिए । तर आफू गर्दै र अरुलाई भन्दै जानुभयो र हिजोआज अगुवा बन्नु भएको छ ।

दिनहरू बित्दै गए, छोराले बिहे गरिसकेको थियो । छोरीको पनि बिहे गर्ने उमेर भइसकेको थियो । धेरै पढाउन नसकेकाले बिहे गरिदिने विचार गर्नुभयो । तर बिहे गर्न छोरीको बाबु जसरी पनि चाहिने भनेर गाउँलेले भन्न थाले । आफू एक्लैले बिहे गरिदिन खोज्दा समाज नमानेपछि उहाँ श्रीमानको खोजीमा हिँड्नुभयो । अन्ततः माइती र अन्य गाउँलेको सहयोगमा उहाँले श्रीमान् घर लिएर आउनुभयो र छोरीको बिहे गराइ दिनुभयो । उहाँ भन्छन्, "श्रीमान्को माया, सहयोग साथको आवश्यकता पलपलमा हुन्थ्यो तर मैले पाइन । यद्यपि हिम्मत हारेर बसिँन ।" श्रीमान् दमका रोगी भएछन्, छोरीको बिहेपछि घरमै बसेका थिए, २०७४ मृत्यु भयो । पहिलासँगै नभए पनि आँखै अगाडि श्रीमानको मृत्युले कसलाई दुखी बनाउँदैन र ? उहाँ भन्नु हुन्छ, "४५ दिनसम्म सेतो कपडा लगाएर त्यसपछि रङ बारिन ।

## तरकारी खान सिकाएँ

२०५२ सालमा बझाङमा 'उदयी हिमाली नेटवर्क' भन्ने संस्थाले कृषि सम्बन्धी काम गर्न थाल्यो । उसले बीउबिजन बाँडेर व्यवसायमा लाग्न सिकाउँथ्यो ।

त्यो बेला गंगु तरकारीका बेर्ना लिएर घरघरमा पुग्नु हुन्थ्यो । तरकारी खानुपर्छ भन्ने गाउँका मान्छेलाई थाहै थिएन । नुनसँग रोटी खान्थे । तर तरकारी रोपेर खानुपर्छ भन्दै हिँडेको पनि उनको अविस्मरणीय काम हो । गाउँमा खानेपानी र सिंचाइको व्यवस्था थिएन । खानेपानी सम्बन्धी परियोजनाले काम गर्दै थियो । विकासको लागि गंगु चप्पल विना बझाङबाट दुई दिनको बाटो हिँडेर डोटीको दिपायलबाट सिमेन्ट बोकेर घर पुग्नुहुन्थ्यो । सामाजिक काममा सक्रिय गंगुलाई गाउँका समाजसेवी कतिपयले तारिफ गर्न थालेका थिए । राजनीतिप्रति पनि उत्तिकै रुचि थियो ।

## २०७४ सालमा एसईईए

गंगुले सानैमा पढन पाउनु भएन । ११ जना भाइबहिनीलाई पढाउन सक्ने आमाबुवासँग आँट र आर्थिक श्रोत थिएन । अर्कोतिर पढाउनुपर्छ भन्ने भावना थिएन । जसोतसो भारतमै कक्षा ४ सम्म भने पढनुभएकी गंगुले २०५२ सालमा गाउँमा प्रौढ शिक्षा आएपछि त्यही पढन थाल्नुभयो । प्रौढ शिक्षाबाट नेपाली लेख्न जान्नुभयो । उहाँलाई कामभन्दा बढी पढन रहर लाग्यो । उनले झोला बोकेर विद्यालय नगए पनि दिनभरी काम गरेर रातभर पढने लेख्ने गरेको स्मरण गर्नुहुन्छ ।

विभिन्न सभासम्मेलन, कार्यक्रममा गाउँदेखि जिल्लासम्म महिला अधिकारको क्षेत्रमा, राजनीतिक क्षेत्रमा सक्रिय गंगुले पाराकाटन्यामा रहेको शान्ति माविमा कक्षा ८ मा भर्ना हुनुभयो । अन्ततः थलारा माविबाट २०७४ सालमा एसईई उत्तीर्ण गर्नुभयो । अहिले चैनपुर क्याम्पसमा कक्षा १२ मा अध्ययनरत छन् ।

## पार्टी सदस्यता लिन भटमास बेचें

अहिलेका राष्ट्रिपति विद्यादेवी भण्डारी र स्व.मदन भण्डारी पार्टी कार्यक्रमका लागि २०४९ सालमा बझाङ गएका थिए । सोही क्रममा उहाँहरुसँग गंगुको भेट भयो । भण्डारी दम्पतीले गंगुको आँट र क्षमता देखेर पार्टीको सदस्य बन्न सल्लाह दिएको उहाँले बिर्सिनु भएको छैन । त्यो बेला सदस्य बन्न ५ रुपैयाँ चाहिन्थयो । तर त्यति पैसा पनि नहुँदा एक माना भटमास बेचेको सम्झिदै गंगुले भन्नुभयो, “कमरेड मदन र विद्या भण्डारी (हाल राष्ट्रपति) लाई भेटेको

अहिले जस्तो लाग्छ । मैले बोलेको सुन्दा मदनले ल राम्रो काम गर्नुपर्छ भन्नु भएको थियो । क. मदनकै हातबाट पार्टी सदस्यता लिएको हुँ ।”

पार्टीको सदस्यता पाइसकेपछि गंगुको राजनीतिक यात्रा झन् फराकिलो भयो । कहिले गाउँ, कहिले जिल्ला, कहिले टोल गर्दा सक्रियता बढ्यो पार्टी सदस्यताले ठूलो जिम्मेवारी पाएको महसुस भयो र झन् सक्रियता बढ्यो । राजनीति र सामाजिक क्षेत्र दुवैमा उहाँको क्रियाशिलता निरन्तर छ ।

२०५४ सालमा वन उपभोक्ता महासंघको बझाङको उपाध्यक्ष हुनु भएकी उहाँ २०५८ सालमा उपाभोक्ता महासंघका केन्द्रीय सदस्य बन्नुभयो ।

पार्टीको पदीय जिम्मेवारीका रुपमा २०५४ सालमा महिला वडा सदस्यबाट सुरु भयो, २०५६ मनोनित क्षेत्रपाल मनोनित, २०५८ मा एमाले जिल्ला उपसचिव, २०६० राष्ट्रिय परिषद सदस्य, २०६१ सालमा अन्तरपार्टी महिला सञ्जालको जिल्ला उपाध्यक्ष हुनुभयो । अहिले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सुदूरपश्चिम प्रदेश कमिटी सदस्य र अखिल नेपाल महिला संघको केन्द्रीय सदस्य हुनुहुन्छ ।

## यसरी उपाध्यक्ष बनें

जीवनलाई फर्केर हेर्दा गंगुको जीवनमा साथ सहयोग गर्नेभन्दा कुरा काट्ने बढी भेटिए । तर उनी निरास भएर घरभित्रै लुकेर बस्नु भएन । देश संघीयतामा गएसँगै स्थानीय तह बन्ने भएपछि जनताले जनप्रतिनिधि पाउने निश्चित भयो । उनलाई तत्कालीन नेकपा एमालेले उम्मेद्वार बनायो र अन्ततः उपाध्यक्ष पदमा जित्नुभयो । आफैंले अन्याय पाएको त्यो ठाउँका लागि उहाँ न्याय दिने ठाउँमा पुग्नुभएको छ । काम गर्दै जाँदा झनै आँट बढ्दै जाँदो रहेछ । पहिला मेरै कुरा काट्ने समाजले अहिले मलाई सहयोग गरिरहेकोमा खुशी हुनुहुन्छ ।

गाउँपालिकामा धेरैजसो घरेलु हिंसाबाट पीडित महिलाहरु आउँछन् । रक्सी खाएर कुटपिट गर्ने, सासुबुहारी, नन्द भाउजुकै झगडा न्यायिक समितिमा बढी आउने उहाँको अनुभव छ । न्यायिक समितिको संयोजक समेत रहनुभएकी उहाँले मिल्न सक्ने सम्मकालाई मिलाउने र समितिको क्षेत्र बाहिरका मुद्दालाई

अदालत जानुपर्ने सुझाव दिनुहुन्छ । छाउपडी प्रथा पनि त्यो समाजको कलंक छ । यद्यपि कम हुँदै भने गएको छ ।

महिला सक्षम भए परिवारै सक्षम हुन्छ भन्ने बुझ्नु भएकी उहाँले महिला सशक्तिकरणका लागि बजेटलाई पहिलो प्राथमिकतामा राख्ने गरेको बताउनुभयो । महिला भित्र पनि एकल, दलित, गरिब तथा सामाजिक समावेशी र सामाजिक परिवर्तनका मुद्दा उहाँको कामको प्राथमिकताको क्षेत्र हो ।

समाज, समाजभित्रको अन्धविश्वास र अन्धविश्वासले भरिएका सोच भएकाहरुसँग ठुलो विद्रोह गर्नुभएकी उहाँ शिक्षा जीवनको ज्योति ठान्ने उहाँले अहिले पनि औपचारिक शिक्षा लिइरहनु भएको छ । समाजमा भएका जति सबै जातीय, लिंगीय, वर्गीय सबै विभेद भोगेकाले त्यही विभेद विरुद्ध काम गर्ने संकल्पका साथ त्यही समाजको अगुवा बनेर हिँड्नु भएको छ । भाग्य होइन कर्ममा विश्वास गर्ने गंगुदेवी अरुलाई कर्म गर्नुपर्छ भन्नुहुन्छ । ●